*Reg. No. 681* *SWC Aff. No. 15556*

**दलित अधिकार, भूमि अधिकार र मानव अधिकारका लागि :**

# राष्ट्रिय दलित नेटवर्क,नेपाल

# Rastriya Dalit Network (RDN) Nepal

**केन्द्रीय कार्यालय, कैलाली, सम्पर्क कार्यालय, अनामनगर काठमाण्डौं**

## प्रेस विज्ञप्ती

डोटी जिल्लाको कलेना, बंगलेक, कांडामाडौं गाविस र दिपायल सिलगढी नगरपालिकामा २०६९ जेठ महिनाको पहिलो हप्तादेखि फैलिएको झाडापखालाका कारण उक्त गाविस र नगरपालिकामा बसोवास गर्ने ८ जना सर्वसाधारणहरुको मृत्यू भएको दुःखद घटनाप्रति राष्ट्रिय दलित नेटवर्क (RDN) नेपालको गंभिर ध्यानाकर्षण भएको छ ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा १६ मा वातावरण तथा स्वास्थ्य जनताको मौलिक अधिकारका रुपमा ग्यारेण्टी गरिएको छ भने संयुक्त राष्ट्र संघले पारित गरेको आर्थिक, राजनीतिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञा पत्रको नेपाल पक्ष राष्ट्र भएकोले पति प्रतिज्ञा पत्रको धारा १२ मा प्रत्येक व्यक्तिको शारिरिक तथा मानसिक स्वास्थ्यको उच्चतम उपभोग गर्न पाउनु पर्ने वातावरण राज्यले बनाउनुपर्ने दायित्व सृजना गर्नुपर्ने व्यवस्था गरिएको छ ।

त्यसकारण नेपाल स्वास्थ्य संगठन राष्ट्र भएको स्मरण गराउँदै राज्यले नागरिकको स्वास्थ्यको ग्यारेण्टी गर्नका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय जगतमा जाहेर गरेका लिखित तथा मौफिक प्रतिवद्धता अनुरुपका स्वास्थ्य संरचनाको निर्माण गर्न, झाडापखाला प्रभावित क्षेत्रमा प्रभावकारी स्वास्थ्य सुविधाको व्यवस्था गरी नागरिकको बाँच्न पाउने अधिकारको सुनिश्चितता गर्न हामी सरकारसँग जोडदार माग गर्दछौं ।

साथैं बर्षा र गर्मीका कारण अन्य स्थानहरुमा पनि रोग फैलिने संभावना भएकोले पूर्व सावधानी अप्नाउन समेत RDN नेपाल यसै विज्ञप्ति मार्फत् सरोकारवालाहरुको ध्यानाकर्षण गराउँदछौं । अन्तमा झाडापखालाका कारण मृत्यू भएकाहरुको आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक संमवेदना गर्दै हाल विरामीहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछौं ।

**गणेश बि. के.**
**अध्यक्ष**

**मिति : २०६९ साउन ५ गते**